# हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५४।२।६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित हलेसी महादेवस्थान विकास समिति सम्झनु पर्छ ।

(ख) "हलेसी महादेवस्थान" भन्नाले खोटाङ्ग जिल्ला अन्तर्गत हलेसी महादेवस्थान गाउँ विकास समितिले ओगटेका सबै वडाहरूको क्षेत्र सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **हलेसी महादेवस्थान विकास समितिको गठन** : (१) हलेसी महादेवस्थानको सामाजिक, धार्मिक, साँस्कृतिक र आर्थिक विकास गर्न हलेसी महादेवस्थान विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) हलेसी महादेवस्थान क्षेत्रको सामाजिक, धार्मिक, साँस्कृतिक र आर्थिक विकासमा विशेष योगदान दिने तथा चासो राख्ने व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू - सदस्य

(ग) खोटाङ्ग जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू- सदस्य

(घ) सभापति, खोटाङ्ग जिल्ला विकास समिति - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग - सदस्य

(च) अध्यक्ष, हलेसी महादेवस्थान गाउँ विकास समिति - सदस्य

(छ) सम्बन्धित इलाका सदस्य, जिल्ला विकास समिति, खोटाङ्ग - सदस्य

(ज) प्रतिनिधि, युवा खेलकूद तथा संस्कृति मन्त्रालय - सदस्य

(झ) प्रमुख, मालपोत कार्यालय, खोटाङ्ग - सदस्य

(ञ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकतानुसार अन्य स्वदेशी तथा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हलेसी महादेवस्थानको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) हलेसी महादेवस्थानको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि विदेशी सरकार राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(ग) हलेसी महादेवस्थानसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित ऐतिहासिक, धार्मिक, साँस्कृतिक, सामाजिक र पुरातात्विक महत्वका स्थलहरूको संरक्षण, सम्बर्द्धन एवं पुनः निर्माण गर्ने, गराउने ।

(घ) हलेसी महादेवस्थानको ताम्रपत्र, शिलालेख, पाण्डुलिपि, मुद्रित सामाग्रीको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

(ङ) हलेसी महादेवस्थानमा शैक्षिक संस्था, स्वास्थ्य केन्द्र, पुल, ढल, सार्वजनिक शौचालय, कुलो कुलेसो, बाटोघाटो, पानी, बिजुली, टेलिफोन, धर्मशाला जस्ता आधारभूत चीजहरूलाई व्यवस्थित गर्ने ।

(च) हलेसी महादेवस्थानमा पर्यटन व्यवसायको विकास एवं प्रवर्द्धनको लागि आवश्यक वातावरणको सृजना गर्ने ।

(छ) हलेसी महादेवस्थानको प्राकृतिक सम्पदा एवं वातावरणको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

(ज) हलेसी महादेवस्थानमा समय-समयमा शैक्षिक तथा साँस्कृतिक महत्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने ।

(झ) हलेसी महादेवस्थान लगायत धितुङ, अर्खले, च्यासिमटार, बडहरे, मङ्गलटार जस्ता स्थानहरूमा रहेका मठ, मन्दिर, देवालय, गुफा, साँस्कृतिक र पुरातात्विक महत्वका वस्तुहरूको अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(ञ) हलेसी महादेवस्थानको गरिमालाई आघात पुऱ्याउने खालका क्रियाकलापहरूको सञ्चालनमा नियन्त्रण तथा निषेध गर्ने र

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कामहरू गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. **समितिका कर्मचारी** : (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुने रकम ।

(ङ) समितिलाई सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति वा अन्य निकायहरूबाट प्राप्त रकम ।

(च) हलेसी महादेवको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको रकम मध्ये समितिले तोकेको रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल ...को कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा र लेखा परीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता तथा अन्य सुविधा** : सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता सुविधा पाउनेछन् ।

१२. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **नेपाल सरकारसंग सम्पर्क** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको मुख्य कार्यालय खोटाङ्ग जिल्लाको महादेवस्थान गाउँ विकास समितिमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछ ।

१५. **नियम बनाउने अधिकार** : समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछन् ।